# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) विराटनगर, नेपाल, भाद्र २४ गते, २०८० साल (संख्या ७

## भाग १

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट जारी भएको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## संवत् २०८० सालको अध्यादेश नं. ६

# आर्थिक वर्ष २०८०/८१ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश

प्रस्तावनाः आर्थिक वर्ष २०८०/८१ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट व्यय हुने रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिने सम्बन्धमा तत्काल कानूनी व्यवस्था गर्न आवश्यक भएको र हाल प्रदेश सभाको अधिवेशन नभएकोले,

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम कोशी प्रदेश सरकार मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट यो अध्यादेश जारी भएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस अध्यादेशको नाम **"कोशी प्रदेश विनियोजन अध्यादेश, २०८०"** रहेको छ।

(२) यो अध्यादेश तुरुन्त लागु हुनेछ।

२. आर्थिक वर्ष २०८०।८१ को निमित्त प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकारः आर्थिक वर्ष २०८०/८१ को निमित्त अनुसूची-१ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरुका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च, महल ५ मा उल्लिखित पूँजीगत खर्च र महल ६ मा उल्लिखित वित्तीय व्यवस्थाको रकम समेत गरी महल ७ मा उल्लिखित जम्मा रकम रु.३६,२२,४८,२५,०००।- (अक्षरेपी छत्तीस अर्ब बाईस

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

करोड अड्चालीस लाख पच्चीस हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः** (१) यस अध्यादेशद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/८१ को निमित्त अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) बमोजिम अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनै अनुदान संकेतमा बचत हुने र कुनै अनुदान संकेतमा नपुग हुने भएमा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयले बचत हुने अनुदान संकेतबाट अपुग हुने अनुदान संकेतमा रकमान्तर गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम रकमान्तर गर्दा जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी, कुनै एक वा एकभन्दा बढी अनुदान संकेतबाट अर्को एक वा एकभन्दा बढी अनुदान संकेतमा रकमान्तर गर्न, निकासा र खर्च लेख्न, चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकमान्तर गर्न सकिनेछ।

तर,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(क) एउटै अनुदान संकेत भित्रका बजेट शीर्षक वा उपशीर्षकमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ।

(ख) पूँजीगत खर्च शिर्षकमा र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ रकमान्तर गर्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन।

(ग) कुनै अनुदान संकेतमा एकमुष्ठ विनियोजन भएको बजेट बाँडफाँट गर्दा दफा ३ को उपदफा (३) को सीमा लागु हुने छैन।

(४) स्थानीय तहका लागि अनुदान संकेत ८०१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान रकम अन्य अनुदान संकेतमा रकमान्तर हुने छैन।

(५) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुदान संकेत ६०१ र ६०२ मा विनियोजन भएको रकम जुन अनुदान संकेतमा निकासा र खर्च हुने हो सोही अनुदान संकेतमा रकमान्तर गर्न तथा निकासा र खर्च लेख्न बाधा पर्ने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कर्णाली प्रदेश

४. **अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्थाः** (१) अनुदान संकेत ८०१ को रकम कानून बमोजिम स्थानीय तहले खर्च गर्न पाउने गरी अनुदानको रूपमा स्थानीय सञ्चित कोषमा हस्तान्तरण गरिनेछ।

(२) अनुदान संकेत ८०१ को रकम मध्ये वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा प्रत्येक आर्थिक वर्षको असोज २ गते, मंसिर २ गते, फाल्गुन २ गते र ज्येष्ठ २ गते गरी चार किस्तामा हस्तान्तरण गर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मुलुकमा विपद्, कुनै असामान्य परिस्थिति वा अन्य कुनै कारणबाट लक्ष्य अनुसार राजश्व संकलन हुन नसके वा संघबाट प्राप्त गर्नुपर्ने अनुमान अनुसारको राजस्व बाडँफाडँको रकम कम प्राप्त भएमा र प्रदेश सरकारले संघबाट पाउनु पर्ने समानीकरण अनुदान प्राप्त गर्न नसकेमा उपदफा (२) बमोजिमको पहिलो किस्ता बाहेक अन्य किस्ता संकलित राजस्व, वाडँफाडँबाट प्राप्त राजस्व र समानीकरण अनुदान प्राप्तिको अनुपातको आधारमा प्रदेश सरकारले पुनःनिर्धारण स्थानीय तहको सञ्चित कोषमा हस्तान्तरण गर्नेछ।

(४) उपदफा (२) बमोजिमको वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले प्रत्येक आर्थिक वर्षको कार्तिक १ गते, माघ १ गते, वैशाख १ गते भित्र



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

र वार्षिक आर्थिक विवरण अगामी आर्थिक वर्षको श्रावण मसान्त भित्र तथा उपदफा (३) बमोजिम प्रदेश सरकारबाट हस्तान्तरण भएको रकमको खर्च विवरण प्रदेश सरकारले निर्धारण गरेको समयमा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा इकाई कार्यालयमा बुझाउनु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको अनुदान रकम मध्ये शशर्त अनुदान रकमको एक तिहाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय सञ्चित कोषमा प्रत्येक आर्थिक वर्षको असोज २ गते हस्तान्तरण गर्नेछ।

(६) स्थानीय तहले सशर्त अनुदान वापत हस्तान्तरण भएको रकम जुन विषय क्षेत्रको योजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही योजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन हुने अवधि, कार्यान्वयनको प्रक्रिया र खर्चको अनुमान सहितको कार्ययोजना, मासिक नगद प्रवाहको विवरण र सम्बन्धित गाउँसभा र नगरसभाले पारित गरेको राजस्व र व्ययको अनुमान साउन मसान्तभित्र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमा बुझाउनु पर्नेछ।

(७) उपदफा (६) बमोजिमको कार्ययोजना बमोजिम भौतिक प्रगति तथा खर्च भएको रकमको विवरण स्थानीय तहले प्रत्येक आर्थिक वर्षको मंशीर १५ गते, चैत्र १५ गते, असार १५ गतेभित्र र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको श्रावण



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

मसान्तसभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमा बुझाउनु पर्नेछ।

(८) उपदफा (७) बमोजिमको खर्चको विवरणको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले उपदफा (५) बमोजिम स्थानीय तहमा हस्तान्तरण भएको शसर्त अनुदानको रकम समायोजन गरी बाँकी रकम सोधभर्ना निकासा दिनुपर्नेछ।

(९) प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयले स्थानीय तहलाई समपूरक रकम हस्तान्तरण गर्नुपर्नेछ।

(१०) सशर्त, समपूरक र विशेष अनुदानको रकम आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालय मार्फत आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र प्रदेश संचित कोषमा दाखिला गर्नु पर्नेछ।

(११) उपदफा (१०) बमोजिम बचत रकम फिर्ता दाखिल नभएमा विषयगत मन्त्रालयको निर्णय अनुसार प्रदेश लेखा नियन्त्रक कार्यालयले अर्को आर्थिक वर्ष हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदान वा राजस्व बाडँफाडँको रकमबाट कट्टा गरी समायोजन गर्न सक्नेछ।

(१२) प्रदेश सरकारवाट स्थानीय तहलाई हस्तान्तरण भएको सशर्त र समपूरक अनुदान मार्फत सञ्चालन हुने आयोजना /

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

कार्यक्रमको एक पटक ठेक्का बन्दोबस्त भईसकेपछि बचत हुने रकमको पुनः ठेक्का लगाउन पाइने छैन। यसरी बचत हुने रकम सम्वन्धित स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा फिर्ता दाखिल गर्नु पर्नेछ।

५. <u>आयोजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी विशेष व्यवस्थाः</u> (१) यस अध्यादेश बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै आयोजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गर्नुपर्ने भएमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र नेपाल सरकार, अर्थ मन्त्रालयको स्विकृती लिई प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले त्यस्तो आयोजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गर्ने गरी निर्णय गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यान्वयन गर्ने निर्णय प्राप्त भएमा सम्वन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा इकाई कार्यालयले सो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी प्रदेशको एकल खाता कोष प्रणालीमा नेपाल सरकारको सम्वन्धित कार्यालयलाई प्रदेश सरकारको निकायको रुपमा कार्यालय कोड दिई प्रचलित प्रदेश कानून बमोजिम रकम निकासा दिनुपर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश सरकारको विषयगत मन्त्रालयमा स्वीकृत बजेट तथा कार्यक्रममा समावेश भएको चालु खर्च शिर्षकमा विनियोजन भएको कुनै आयोजना वा कार्यक्रम स्थानीय तहमार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा सम्बन्धित मन्त्रालयले निर्णय गरी आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा अनुदानको रूपमा वित्तीय हस्तान्तरण गर्न सकिनेछ।

(४) स्थानीय तहको आयोजना तथा कार्यक्रम प्रदेश सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गर्ने निर्णय भएमा स्थानीय तहले प्रदेश सरकारका निकायको नाममा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकेको विविध खातामा जम्मा हुने गरी निकासा दिन सकिनेछ।

(५) उपदफा (१), (२), (३) र (४) बमोजिम निर्णयको जानकारी प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनुपर्नेछ।

६. <u>लेखाङ्कन, प्रतिवेदन र लेखा परीक्षणः</u> (१) यस अध्यादेश बमोजिम एक तहको वजेट तथा कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तहको खर्च इकाइको रूपमा प्रचलित कानूनले तोके

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

बमोजिमको लेखा राखी आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम योजना वा कार्यक्रम कार्यान्वयन गर्ने तहले आर्थिक विवरण तयार गरी प्रमाणित गराई शुरु विनियोजन भएको तहमा पठाउनु पर्नेछ।

७. <u>वित्तीय अनुशासन सम्बन्धी व्यवस्थाः</u> (१) स्थानीय तहले आफुले उठाएको राजस्व र यस अध्यादेश बमोजिम प्राप्त गरेको अनुदान कानून बनाई खर्च गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कानून बनाउँदा देहायका कुराहरु पालना हुनेगरी बनाउनु पर्नेछः-

(क) नेपाल सरकार र प्रदेश सरकारको आर्थिक तथा वित्तीय नीति अनुसरण गर्ने,

(ख) सबै आय आफ्नो सञ्चित कोषमा दाखिल गर्ने,

(ग) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनमा मात्र खर्च गर्ने,

(घ) पूँजीगत खर्चतर्फ बिनियोजित रकम चालु खर्चमा रकमान्तर नगर्ने,

(ङ) प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ र अन्य प्रचलित संघीय तथा प्रदेश कानूनले निर्दिष्ट गरे

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

बमोजिमको आय व्ययको वर्गीकरण, लेखांकन तथा प्रतिवेदन प्रणाली लागु गर्ने।

(३) यस अध्यादेश बमोजिम विनियोजन भएको रकम खर्च गर्ने सम्बन्धमा प्रदेश सरकार, आर्थिक मामिला तथा योजन मन्त्रालयले आवश्यक मार्गदर्शन जारी गर्न सक्नेछ।

८. <u>अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्थाः</u> (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि विनियोजन भएको रकम प्रचलित कानूनको अधीनमा रही खर्च गर्ने अख्तियारी यो अध्यादेश प्रारम्भ भएको दिनदेखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ।

(३) कुनै निकायमा एक भन्दा बढी निकायबाट खर्च गर्ने गरी एकमुष्ट रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले सम्वत् २०८० साल असोज मसान्तभित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायहरुलाई बाँडफाँट गरी त्यसको जानकारी प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयलाई दिनुपर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

तर विशेष कारणवस असोज मसान्त भित्र बाँडफाँड हुन नसकेमा आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व सहमति लिई विनियोजन भएको निकायको प्रमुखले रकम खर्च गर्ने निकायहरुलाई बाँडफाँड गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिमको बाँडफाँटबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्न अख्तियारी प्राप्त भएको मानिनेछ।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ।

(६) उपदफा (५) बमोजिम प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै कार्यक्रम संशोधन गर्नु पर्ने भएमा सम्बन्धित निकायले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई संशोधन गर्न सक्नेछ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रममा उल्लिखित क्रियाकलापको वार्षिक लक्ष्य नघट्ने गरी प्रदेश सरकारको स्रोत तर्फ सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले देहाय बमोजिम कार्यक्रम संशोधन तथा रकमान्तर गर्न सक्नेछ :-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(क) एकै बजेट उपशीर्षक भित्रका भैरहेको क्रियाकलापहरुको परिमाणात्मक लक्ष्य थप घट गर्ने गरी कार्यक्रम संशोधन गर्न,

(ख) खण्ड (क) बमोजिम कार्यक्रम संशोधन गर्दा रकमान्तर गर्नु पर्ने भएमा स्रोत परिवर्तन नहुने गरी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २२ को उपदफा (२) को अधिनमा रहि थप हुने खर्च शीर्षकको शुरु विनियोजनको वीस प्रतिशत सम्मको रकमान्तर गर्न।

(ग) एक भन्दा वढी निकायमा बाँडफाँट भएको एकै बजेट उपशीर्षक अन्तरगतको एकै खर्च शीर्षकको रकम एक निकायबाट घटाई अर्को निकायमा थप गर्नुपर्ने भएमा रकम घटाउने कार्यालयसँग सम्वन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले विषयगत मन्त्रालयको निर्णयानुसार निकाशा रोक्का राखेको पत्रको आधारमा क्रियाकलाप परिवर्तन नगरी कार्यक्रम संशोधन गर्न।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(८) उपदफा (६) र (७) बमोजिमको संशोधन सम्बन्धित निकायको लेखाउत्तरदायी अधिकृतले प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गराउनु पर्नेछ।

(९) विनियोजन अध्यादेशमा समावेश भएको प्रदेश स्रोत तर्फको कुनै रकम र सो रकमबाट संचालन हुने कार्यक्रम आर्थिक वर्षको फागुन मसान्तसम्म खर्च नभए वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा लेखा उत्तरदायी अधिकृतले त्यस्तो रकम चैत्र १५ गतेभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा समर्पण गर्नुपर्नेछ।

(१०) प्रदेश स्रोत बाट सञ्चालन हुने गरी विनियोजन भएको कुनै आयोजना वा कार्यक्रमको एक पटक ठेक्का बन्दोबस्त भईसकेपछि बचत हुने रकमको पुनः ठेक्का गराउन पाइने छैन। यसरी बचत हुने रकम सम्वन्धित निकायले तालुक मन्त्रालय मार्फत कानुन बमोजिम बजेट समर्पण गर्नु पर्नेछ।

(११) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भएतापनि अर्थ विविधबाट थप गरिने, अनिवार्य दायित्व र बहुवर्षीय आयोजना कार्यक्रम बाहेक कुनै एक क्रियाकलापमा विनियोजित भएको रकमको शत प्रतिशत भन्दा बढी रकमान्तर थप गर्न पाइने छैन। यस भन्दा बढी रकमान्तर गर्नु पर्ने भएमा प्रदेश सरकारले निर्णय गरी रकमान्तर गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

९. <u>कार्यविधि, मापदण्ड तथा मार्गदर्शन बनाउन सक्नेः</u> (१) यस अध्यादेशको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक निर्देशिका, कार्यविधि, मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वीकृत वार्षिक कार्यक्रममा समावेश भई रकम विनियोजन भएका कार्यक्रमको कार्यान्वयनको लागि आवश्यक पर्ने देखिएमा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई प्रदेश सरकारको सम्वन्धित मन्त्रालयले कार्यक्रम कार्यान्वयन मार्गदर्शन बनाउन सक्नेछ। त्यस्तो मार्गदर्शन स्वीकृत भएको मितिले सात दिनभित्र आफ्नो मन्त्रालयको वेबसाइटमा राख्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको निर्देशिका, कार्यविधि तथा मापदण्ड प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ।

(४) यस अध्यादेश बमोजिम बिनियोजन भएको रकम खर्च गर्ने व्यवस्थाका सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यक मार्गदर्शन बनाउन सक्नेछ।

१०. <u>आवश्यक व्यवस्था गर्न सक्नेः</u> (१) यस अध्यादेशको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा प्रदेश सरकारले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेश प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

११. <u>बचाउः</u> (१) मिति २०८०।०२।३२ मा जारी भएको कोशी प्रदेश विनियोजन अध्यादेश, २०८० बमोजिम भए गरेका काम कारबाही यसै अध्यादेश बमोजिम भए गरेको मानिनेछ।

(२) नेपालको संविधानको धारा २०२ को प्रतिबन्धात्मक बाक्यांशको खण्ड (ग) बमोजिम मिति २०८०।०५।१० गतेबाट कोशी प्रदेश विनियोजन अध्यादेश, २०८० स्वतःनिष्कृय भएपछि यस अध्यादेश जारी हुँदा सम्मको अवधिमा गरिएको खर्च यसै अध्यादेश बमोजिम भए गरेको मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधान बमोजिम

प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम

(रु. हजारमा)

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्र.सं. | अनुदान संकेत | शीर्षकको नाम | चालु खर्च | वित्तीय व्यवस्था | जम्मा |
| १. | २०२ | प्रदेश व्यवस्थापिका | ९६०० | ० | ९६०० |
| २. | २१० | प्रदेश लोक सेवा आयोग | ४०८५ | ० | ४०८५ |
| ३. | ६०२ | अर्थ — विविध | ५००० | ० | ५००० |
| | | **जम्मा** | **१८६८५** | ० | **१८६८५** |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

# अनुसूची-२

(दफा २ र ३ सँग सम्बन्धित)

## प्रदेश सञ्चित कोषबाट विनियोजन हुने रकम

(रु. हजारमा)

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र.सं. | अनुदान संकेत | शीर्षकको नाम | चालू खर्च | पूँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| १. | २०२ | प्रदेश व्यवस्थापिका | २३०१०० | १०३०० | | २४०४०० |
| २. | २१० | प्रदेश लोक सेवा आयोग | ७६८१५ | ४१०० | ० | ८०९१५ |
| ३. | २१६ | मुख्य न्यायाधिवक्ताको कार्यालय | २३५०० | ५०० | ० | २४००० |
| ४. | ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ४६४६६० | २७००० | ० | ४९१६६० |
| ५. | ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | २१९१४९५ | ७००० | ० | २१९८४९५ |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६. | ३१२ | उद्योग, कृषि तथा सहकारी मन्त्रालय | १८२८४८० | २६९५४८ | ० | २०९८०२८ |
| ७. | ३१३ | खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय | ४६०००० | ४६७५६३७ | १०००० | ५१४५६३७ |
| ८. | ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ६५०००० | १३५००० | ० | ७८५००० |
| ९. | ३२९ | पर्यटन, वन तथा वातावरण मन्त्रालय | १२५०७०० | १३२५८०० | ० | २५७६५०० |
| १०. | ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ४१०००० | ११००२६०० | ० | ११४१२६०० |
| ११. | ३५० | सामाजिक विकास मन्त्रालय | ११९०३२९ | २६६१०० | ० | १३७६४२९ |
| १२. | ३७० | स्वास्थ्य मन्त्रालय | २७२९९०३ | २४८६६७ | ० | २९७८५७० |
| १३. | ३९१ | प्रदेश योजना आयोग | ४३००० | २००० | ० | ४५००० |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४. | ६०१ | कर्मचारी सुविधा तथा सेवानिवृत्त सुविधा | ४०००० | ० | ० | ४०००० |
| १५. | ६०२ | अर्थ — विविध | २८६८५९९ | २६०००० | | ३१२८५९९ |
| १६. | ८०१ | स्थानीय तह | ३६०२९९२ | ० | ० | ३६०२९९२ |
| **जम्मा** | | | १७९८०५७३ | १८२३४२५२ | १०००० | ३६२२४८२५ |

प्रमाणीकरण मिति : २०८०।०५।२४

आज्ञाले,
सुरेश राउत
प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
**website:- moial.koshi.gov.np**